मिति :-२०७५/०३/०३

**श्रीमान् नगरप्रमुख ज्यू,**
**उप- प्रमुख ज्यू, वडाध्यक्ष ज्यूहरु, वि.व्य.स. अध्यक्ष ज्यूहरु, प्रधानाअध्यापक ज्यूहरु र सवै सरोकारवालाहरु**

विषय : **आ.व. २०७५/०७६ को लागि प्रस्तावित शैक्षिक सुधारका कार्यक्रम**

प्रस्तुत विषयमा नेपालको परिवर्तित शासकिय स्वरुप अनुसार स्थानीय तहलाई स्थानीय शासन संचालन र विकास निर्माणको योजना छनौट गरी आवश्यकताको आधारमा योजना कार्यान्वयन गर्ने व्यवस्था गरिए अनुसार भेरी नगरको शैक्षिक व्यवस्थापन र विकासका लागि तपसिलका प्रस्तावहरु पेश गरिएको छ ।

व्यक्ति, समाज र समग्र देश विकासको लागी मेरुदण्डको रुपमा शिक्षा रहेको कुरामा कसैको दुईमत हुन सक्दैन । मानब विकासको समग्र पक्ष शैक्षिक विकासमा नै आधारित हुने भएकाले परिवर्तित समय अनुसार देशको कर्णधारको रुपमा रहेका बालबालिकाहरुलाई व्यवस्थित भरपर्दो विश्व प्रतिस्पर्धामा उत्रन सक्ने गुणस्तरीय शिक्षा दिनु सरकारको अनिवार्य दायित्व हो ।

आज एकातिर विज्ञान र प्रविधिको द्रुत गतिमा विकास भैरहेको अवस्था छ भने अर्को तर्फ हाम्रो कमजोर शैक्षिक अवस्था रहेको छ । जसले गर्दा हाम्रो उत्पादित जनशक्ति विश्व बजारमा प्रतिश्पर्दामा आउन सकिरहेको छैन हाम्रो उत्पादित जनशक्ति कमाजोर हुनको कारण हाम्रो कमजोर शैक्षिक व्यावस्थापन हो । र हाम्रो शैक्षिक व्यवस्थापन कमजोर हुनुमा शिक्षक दरवन्दी कमी, कमजोर विद्यालयको भौतिक अवस्था र सरोकारवालाहरुमा चेतनाको कमी हुनु हो । स्थानीय सरकारले आफ्ना स्थानीय आवश्यकताहरु पहिचान गरी ती आवश्कताहरुको परिपुर्ति गर्ने बजेटको व्यवस्थापन गरि कार्यान्वयन गर्ने कुराले नै वर्तमान परिवर्तित संरचनाको उद्देश्य परिपुर्ती गर्ने भएकाले भेरी नगरपालिको शैक्षिक अवस्था सुधारका लागि यस नगरपालिका भित्रका विद्यालयहरुको शैक्षिक अवस्था सुधार गरि गुणस्तरिय शैक्षिक बातावरण कायम राख्न तपसिल अनुसारको शीर्षकहरुमा बजेट विनियोजन गरिदिनु हुन सादर अनुरोध गरिन्छ ।

यो वर्षलाई शैक्षिक सुधारको लागि शिक्षक व्यवास्थापन र कोर्ष पुरा वर्ष २०७५ घोषणा गर्न प्रस्ताव गरिन्छ ।

प्रस्तुतकर्ता
भक्त बहादुर मल्ल
शिक्षा अधिकृत
भेरी नगर शिक्षा शाखा जाजरकोट

| क्र.सं. | प्रस्तावित कार्यक्रम शीर्षकहरु | प्रस्तावित अनुमानित रकम | कैफियत |
|---|---|---|---|
| १. | श्री लक्ष्मी मा.वि. भेरे, श्री भगवती मा.वि. कुदु, श्री शिव मा.वि. कालेगाउँ र श्री भेरी त्रिवेणी मा.वि. रिम्नामा अंग्रेजी, गणित, विज्ञान शिक्षकको दरवन्दी सिर्जना गरी प्रति शिक्षकलाई प्रर्ति महिना रु. २०,००० (अक्षरुपी बीस हजार मात्र) का दरले १३ महिनाको तलब भत्ताको व्यवस्था | २८,६०,०००। | |
| २. | यस नगर भित्रका आधारभतु तहका (६-८) को लागी ३० जना शिक्षक दरबन्दी सिर्जना गरी प्रति शिक्षक प्रर्ति महिना रु. १५,०००।(अक्षरुपी पन्ध्र हजार मात्र) का दरले १३ महिनाको तलब भत्ता व्यवस्था | ५८,५००००। | |

| | | | |
|---|---|---|---|
| ३. | प्राथमिक तह १-३ सम्म न्युन्तम २ जना र कक्षा १-५ न्युनतम शिक्षक ४ जना दरवन्दी कायम गर्न १७ वटा दरवन्दीको लागी प्रति महिना प्रति शिक्षक १२००० का दरले हुने १३ महिनाको तलव | २६,५२,०००। | |
| | जम्मा तलवी बजेट | १,१३,६२००० | |
| ४ | ५५वटा विद्यालयक बाल कक्षादेखि कक्षा ३ सम्मका बालबालिकाहरुको लागि बालमैत्री कक्षाकोठा र बालमैत्री बसाई व्यवस्थाको लागी प्रति विद्यालय रु २,००,०००। (अक्षरुपी दुईलाख मात्र) | १,१०,००,०००। | |
| ५. | प्र.अ. बैठक संचालन र  निर्वाह खर्च रु. ३,००,०००।(अक्षरुपी तीन लाख मात्र) | ३,००,०००।- | |
| ६. | दैनिक अनुपस्थित विद्यार्थीहरुको बारेमा प्र.अ.ले अभिभावकसँग सम्पर्क राख्न ७ महिनाको लागी मा.वि. तहको प्र.अ.लाई रु. ५००। (अक्षरुपी पाँचसय मात्र), आधारभुत तहको प्र.अ.को लागी रु.३००। (अक्षरुपी तीनसय  मात्र) र प्राथमिक तहको प्र.अ.को लागि मासिक रु. दुइसय को लागी संचार खर्च व्यवस्था | १,०५,०००।- | |
| ७. | प्र.अ. अभिभावक, वि.व्य.स. पदाधिकारी, विद्यार्थीहरुको लागी सचेतना कार्यक्रम संचालन | ७,००,०००।- | |
| ८ | १५ वटा विद्यालयमा बालकक्षा स्थापनाको लागी | ११,००,०००। | |
| ८. | कक्षा ८ को परिक्षा संचालन व्यवस्थापन अनुगमन | ७,००,०००। | |
| ९ | शिक्षक पेसागत विकास पुर्नताजगी तालिम ३ दिने | १५,००,०००। | |
| १० | अंग्रेजी माध्यमवाट शिक्षण ११० जना शिक्षक का लागी | १०,००,०००। | |
| ११ | उपलव्धी परिक्षा (१-३) र (४-५) संचालन | २,५०,०००। | |
| १२ | कभभ परिक्षलाई मर्यादित रुपले संचालन गर्न कक्षा १० मा अध्ययतरत विद्यार्थीहरु र अभिभावकको सचेतना कार्यक्रम संचालन गर्न | २,५०,०००। | |
| १३ | बाल विकास केन्द्रमा खेल सामाग्री व्यवस्थापन | ५,३०,०००। | |
| १४ | प्रत्येक विद्यालयलाई (१-५) र (१-३) सम्म पुस्तकालय स्थापना र संचालन | ३,३०,००००। | |
| १५ | कक्षा (१-८) विज्ञान सामाग्री व्यवस्थापन प्रति विद्यालय रु.२०००० | १०,६०,०००। | |
| १६ | विद्यालयलाई व्यवसायिक उन्मुख गराउन प्र.अ.वि.व्य.स.अध्यक्ष र वडा अध्यक्षहरुको सुर्खेत वजेटीचौरको विद्यालयमा भ्रमण गराउन | ५,०००००। | |
| १७ | १५ वटा विद्यालयमा ३ कोठे भवन र्निमाणको लागि प्रति भवन रु १८ लाखका दरले | २,७०,००,०००।- | |
| १८ | १० वटा विद्यालयमा मर्मत सम्भार प्रति विद्यालय रु ३ लाखका दरले | ३०,००,०००।- | |
| १९ | १० वटा विद्यालयमा घेरावार प्रति विद्यालय रु ५ लाखका दरले | ५०,००,०००।- | |
| २० | २० वटा विद्यालयमा शौचालय मर्मत प्रति विद्यालय रु १ लाखका दरले | २०,००,०००।- | |
| २१ | २० वटा विद्यालयमा खानेपानी प्रति विद्यालय रु १ लाखका दरले | २०,००,०००।- | |
| | जम्मा भौतिक पुर्वाधार निर्माणको वजेट | ६,१२,९५,०००।- | |
| | तलवि वजेट जम्मा | १,१३,६२,०००।- | |
| | कुल जम्मा वजेट | ७,२६,५७,०००।- | |